H:\२०७५\१-वैशाख\ज्ञापन पत्र सम्बन्धमा। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मिति २०७५।१।१३.doc


नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन शाखा)

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४
०९३-४२००१४
email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np

खलंगा, दार्चुला


प.सं. २०७४।०७५

च.नं. ९५१९

मिति:- २०७५।१।१३

विषय:– प्रेश विज्ञप्ती सम्बन्धमा।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं।

नेपाल निजामती कर्मचारी युनियन (संघ) दार्चुलाका अध्यक्ष पुष्कर बहादुर पालले मिति २०७५।०१।१३ गते यस कार्यालयमा पेश गर्नु भएको प्रेश विज्ञप्तीको छायाँप्रति पाना थान–२ यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

"राष्ट्रसेवा, निष्पक्षता, तटस्थता र कर्मचारी एकता"

# नेपाल निजामती कर्मचारी युनियन (संघ)

NEPAL CIVIL SERVICE EMPLOYEES' UNION

जिल्ला कार्य समिति

दार्चुला

मितिः- २०७५/०१/१३ गते

श्री नेपाल सरकार

मार्फत

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,

जिल्ला प्रशासन कार्यालय, दार्चुला

**विषयः- प्रेश बिज्ञसी**

नेपाली जनताको विगत लामो समयदेखिको चाहाना बमोजिम संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भई स्थानीय, प्रदेश र संघ गरी तिनै तहको संरचनालाई समेत सोही अनूरुप ढालेर मुलुकलाई सम्बृद्धिको बाटोमा अघि बढाउने ऐतिहाँसिक मोडमा आइ पुगेका छौ । यसै सन्दर्भमा साविक एउटै स्वरुपमा रहेको निजामती प्रशासनलाई तीनै तहमा समायोजन गर्न कर्मचारी समायोजन ऐन तथा नियमावली २०७४ जारी भई कार्यान्वयनमा आरहेको अवस्था छ । समायोजन ऐन २०७४ को दफा १३ मा यस ऐन बमोजिम संघ, प्रदेश वा स्थानीय तहमा समायोजन हुन नचाहने ५० बर्ष उमेर पुरा भएको र निवृत्तिभरण पाउने अवस्था भएको कुनै कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लेखित शर्तबमोजिम स्वच्छिक अवकाश लिन सक्नेछ, भनि स्पष्ट व्यवस्था गरेको छ । ऐनमा भएको यही व्यवस्था बमोजिम सामान्य प्रशासन मन्त्रालयले मिति २०७४ पौष २८ गते नेपाल राजपत्रमा ४५ दिनको म्याद दिई सूचना प्रकाशित गरे अनुसार करिब १० हजार कर्मचारीहरुले निवेदन दिई सकेको हुँदा सोही सूचनामा स्वच्छिक अवकाशका लागि निवेदन दिएका कर्मचारीहरुको सूची, निवेदन दिने अवधि समास भएको ३० भित्र समान्य प्रशासन मन्त्रालयको वेबसाईटमा राखिने छ, स्वच्छिक अवकाश स्वीकृति भएका कर्मचारीहरुको अन्तिम सूची समेत सोही वेबसाइटमा राखिनेछ भनि स्पष्ट खुलाइएको छ ।२०७४ फाल्गुन १३ गते ३० दिनको म्याद समास भई सक्दा पनि सूची प्रकाशित गर्नुको सट्टमा जिम्मेवार मानीय मन्त्रीज्यूबाट कर्मचारीहरुको मानमर्दन हुने जस्ता अभिव्यक्तिहरु मिडियमा आइरहेको कुरा सम्पूर्णमा विधितै छ । यसबाट कर्मचारी युनियन (संघ) लाई गम्भीर आशंका पैदा भई मिति २०७४ चैत्र १३ गते समायोजन ऐन कार्यान्वयनको माग गरी निजामती कर्मचाहरुको आधिकारिक ट्रेड युनियन मार्फत माननीय मन्त्रीज्यूलाई ज्ञापन पत्र बुझाई सकिएको व्यहोरा स्मरण गराउन चाहान्छौ ।

लोकतन्त्र भनेको विधिको शासन हो । सार्वभौम संसदले वनाएको ऐन कानूनको कार्यान्वय एवं पालना गर्नु गराउनु सरकारको कर्तव्य र दायित्व दुवै हो । सरकार आफैले जारी गरेको सूचनाका सम्बन्धमा हाल सम्म कुनै निर्णय नै नगरी करिब १० हजार कर्मचारीहरुको भविष्य गुमराहमा राखिएको

छ । यी मध्ये करिब १ हजार कर्मचारीले अनिवार्य अवकाश पाइसकेको अवस्था छ । तर स्वच्छिक अवकाशको लागि दिएको निवेदन समेत फिर्ता लिन नपाई नियमानुसार पाउने सेवा सुविधा लिनबाट बन्चित हुनुपरेको अवस्था छ । समायोजन नियमावली अनुसार गठित O&M समितिले २१ वटा संघीय मन्त्रालय, स्थानीय तह र ३३ वटा विभागको O&M सम्पन्न गरी नेपाल सरकारबाट स्वीकृत भई सकेको र बाँकी O&M पनि छिट्टै सकिने अवस्थामा रहेको हुँदा ऐन तथा नियमावली अनुसार कर्मचारी समायोजन गर्ने कार्यलाई प्राथमिकतामा राख्नुको सट्टा सरकारले राष्ट्रिय स्तरका ट्रेड युनियनहरु र आधिकारिक ट्रेड युनियन संग समेत छलफल नगरी एकलौटी ढ्गले स्थानीय तहमा कर्मचारी खटाउने मापदण्ड २०७४ जारी गरेको छ ।

राज्यको स्थायी संयन्त्रको रुपमा रहेको कर्मचारीतन्त्रले इतिहाँसको जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो जिम्मवारी इमान्दारी एवं कुशलतापूर्वक निर्वाह गर्दै आएको छ । स्थानीय निकायहरु जनप्रतिनिध विहिन रहेको अवस्था होस् वा मुलुकमा चलेको १० बर्षे द्वन्दको समयमा होस्, कर्मचारी संयन्त्रले जनताको निकट रहेर सरकारको दह्रो उपस्थिति जनाएको कुरा यहाँ स्मरण गराउन चाहान्छौ । कर्मचारीहरु सुविधाभोगी छन्, खटाएको स्थानमा गएनन्, का गरेनन् भनेर भ्रामक प्रचार गरी कर्मचारी प्रति जनताको नजरमा नकरात्मक संन्देश दिन खोजिएको छ । हामी सम्पूर्ण निजामती कर्मचारीहरु सरकारले विधिसम्मत् तरिकाले खटाएको स्थानमा गई काम गर्न तयार छौ तर सरकारले आफै प्रकृयालाई अवरुद्व गर्न र दोषजति कर्मचारीलाई दिएर उम्कन खोजेको छ । नियम कानून र विधिको उलंघनबाट मुलुकले चाहेको सुशासन र संम्बृद्धि सम्भव होला र? यस विषयमा सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छौ ।

नेपाल निजामती कर्मचारी युनियन (संघ) लोकतन्त्र र विधिको शासनप्रति विश्वास गर्दछ । सुशासन र संम्बृद्धिको बाटोमा मुलुकलाई अघिबढाउन निजामती कर्मचारीहरु सदैव तत्पर रहनुका साथै निजामती सेवालाई सुदृढ, सक्षम, मर्यादित, जिम्मेवार,गतिशिल र पारदर्शी बनाई सरकारलाई रचनात्मक सहयोग गर्न चाहन्छ । पेशागत हकहितको संरक्षण र सम्बर्द्धन,वृत्तिविकास, आचरण र क्षमता अभिबृद्धि गर्दै सेवा प्रवाहमा उत्तरदायी र जवाफदेही हुन चाहन्छ । अतः सरकार कर्मचारीहरुलाई मनोवल गराउने,निरास एवं हतोत्साही बनाई आतंकित पार्ने जस्ता कार्यमा अगाडी नवढी **कर्मचारी समायोजन ऐन २०७४ को प्रावधान बमोजिम स्वच्छिक अवकाशको विधिसम्बत् योजनालाई तत्काल कार्यान्वयन गर्न र कर्मारी समायोजन प्रकृयालाई शिघ्र अगाडी बढाउन जोडदार माग गर्दछ ।** स्वेच्छिक अवकाश चाहेका कर्मचारीहरु तथा ऐन नियमको प्रावधान अनुसार समायोजन हुन चाहने अन्य कर्मचारीहरुको वैधानिक मागलाई बेवस्था गरिएमा नेपाल निजामती कर्मचारी (संघ) विद्यमान कानूनको परिधिमा रही जस्तोसुकै निर्णय लिन बाध्यहुने व्यहोरा समेत जानकारी गराउन चाहान्छौ ।

बोधार्थ:
नेपाल निजामती कर्मचारी युनियन (संघ)
प्रदेश नं. ७

राष्ट्रसेवा निष्पक्षता तटस्थता र कर्मचारी एकता
नेपाल निजामती कर्मचारी युनियन (संघ) दार्चुला
स्थापित २०५९

पुष्कर बहादुर पाल
अध्यक्ष
तथा नेपाल निजामती कर्मचारी युनियन
(संघ), दार्चुला ।